सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) तथा सुचनाको हक सम्बन्धि नियमावली २०६५ को निगम ३ बमोजिम सार्वजनिक गरिएको

# स्वतः प्रकाशन

सूचना सार्वजनिक गर्ने निकायको नामः जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

सूचना सार्वजनिक गरेको अवधि २०८३ बैशाख - असार

बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक**

## १. कार्यालयको स्वरुप/प्रकृति

नेपाल संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि संविधानतः तीन तहको शासन व्यवस्थाको प्रावधान रहेको छ। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/०९/०९ र २०७५/०९/२९ तथा बागमती प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०७८/०५/२५ को निर्णय बमोजिम स्वीकृत भई लागु भएको स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुको संगठन संरचना अन्तर्गत बागमती प्रदेशका जिल्लाहरुमा संघ, प्रदेश र स्थानीय तहसंग समन्वय गर्दै तोकिए बमोजिम स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले प्रदेश तहको स्वास्थ्य कार्यालयको स्थापना भएको हो। बागमती प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय मातहतको कार्यालयको रुपमा बागमती प्रदेशका १३ वटै जिल्लामा स्थापना भएको जनस्वास्थ्य कार्यालयहरु मध्यको एक जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक हो। बागमती प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८०/०९/०३ को निर्णय बमोजिम साबिकको संगठन संरचना र दरबन्दी तेरिज समेतको समसामयिक सुधार तथा शंसोधन गरि बागमती प्रदेश सरकार अन्तर्गतका स्वास्थ्य कार्यालयहरुलाई जनस्वास्थ्य कार्यालय नामकरण गरे सँगै यस कार्यालयको नाम जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक रहेको छ ।


प्रदेशमा आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मार्फत प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाका साथै स्वस्थ जीवनशैली परिवर्तनका लागि स्वास्थ्य सेवा प्रवाह हुँदै आइरहेको छ। स्वास्थ्य सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि प्रदेश सरकार मातहतमा जिल्लामा जनस्वास्थ्य कार्यालय, जिल्लास्तरिय अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरू सञ्चालनमा रहेका छन्। त्यस्तै जनस्वास्थ्य कार्यालयको समन्वयमा जिल्लाका सबै स्थानीय सरकार मातहतमा आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिकहरु सञ्चालनमा रहेका छन् । जनस्वास्थ्य कार्यालय विशेषतः स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसँग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशानुसार कार्यसम्पादन गर्ने निकायको रुपमा रहेको छ ।

## २. कार्यालयको कार्य जिम्मेवारी

- प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने।
- कार्यक्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा बितरण योजना (मासिक, त्रैमासिक/चौमासिक, अर्धवार्षिक, वार्षिक) बनाई कार्यान्वयन गर्ने।
- जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवथापन, सहजीकरण र समन्वय गर्ने।
- जनस्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने।
- स्थानीय सरकार र अन्य स्वास्थ्य निकायहरुबीच समन्वय गर्ने।
- एकीकृत स्वास्थ्य सूचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने।

- स्वास्थ्य सेवाको पहुँच तथा उपभोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने।
- सरकारी, नीजि, गैह्रसरकारी, सामुदायिक तथा सहकारीद्वारा संचालित स्वास्थ्य संस्थाहरु, कर्मचारीहरुको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सम्बन्धी कार्य गर्ने।
- संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने। प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु (क्षय तथा कुष्ठरोग नियन्त्रण, कीटजन्य रोग तथा महामारी नियन्त्रण, परिवार नियोजन, मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत, पोषण, खोप, लगायत अन्य विशेष कार्यक्रमहरु) को संचालन, समन्वय र सहजीकरण गर्ने।
- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्द्धन एवं व्यवस्थापन कार्य गर्ने।
- जनसंख्या व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने।
- बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने।
- आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धी कार्य गर्ने।

## ३. कार्यालयको संगठन संरचना




## ४. कार्यालयबाट प्रदान गरिने सेवा

- कार्यालयको जिम्मेवारीमा उल्लेख गरे बमोजिम ।

## ५. कार्यालयको कर्मचारी विवरण

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक**

दरबन्दी तेरिज

| क्र. सं. | पद, नाम | तह | सेवा | समूह | मौजुदा स्थायी दरबन्दी | मौजुदा अस्थायी दरबन्दी | मौजुदा दरबन्दीमा | | प्रस्तावित दरबन्दी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | थप | घट | | |
| १ | वरिष्ठ ज.स्वा. प्रशासक | ९/१० | स्वास्थ्य | हे. ई/एची | १ | | | | १ | |
| २ | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | हे.ई. | १ | २ | | १ | २ | |
| ३ | स्वास्थ्य शिक्षा अधिकृत | ७/८ | स्वास्थ्य | हे.ए. | | | १ | | १ | |
| ४ | तथ्याङ्क अधिकृत | ७/८ | आयोत | तथ्याङ्क | १ | | | | १ | |
| ५ | सहायक/अधिकृत | ५/६ | प्रशासन | सा.प्र. | १ | | | | १ | |
| ६ | सहायक/अधिकृत | ५/६ | प्रशासन | लेखा | १ | | | | १ | |
| ७ | हे.अ. वा सो सरह | ५/६/७ | स्वास्थ्य | हे.ई. | ३ | | | | ३ | |
| ८ | पब्लिक हेल्थ नर्स | ५/६/७ | स्वास्थ्य | क.न. | १ | | | | १ | |
| ९ | ल्याब टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | १ | | | | १ | |
| १० | कोल्ड चेन असिस्टेन्ट/ हेअ वा सो सरह | ४/५/६ | स्वास्थ्य | हे.ई. | १ | | | | १ | |
| १२ | सहायक कम्प्युटर अपरेटर | ४ | प्रशासन | विविध | | १ | | | १ | |
| १३ | हलुका सवारी चालक | श्रेणी विहीन | ई. | मे.ई. | १ | | | | १ | |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | २ | | | | २ | |
| कुल स्वीकृत दरबन्दी संख्या | | | | | १४ | ३ | +१ | -१ | १७ | |

बद्री बहादुर खड्का
सचिव

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर

- प्रचलित कानुन बमोजिम ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

- कार्यालय प्रमुख ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालय प्रमुख ।

## ९. कार्यालयबाट सम्मादित कियाकलापहरु

- जनस्वास्थ्य तथा पोषण प्रवर्धन अभियान
- स्थानीय तहलाई स्वास्थ्य कार्यक्रममा प्राविधिक सहयोग र अनुगमन
- पत्रकार तथा सञ्चारकर्मीहरूसँग अन्तरक्रिया
- निजी, सहकारी र गैसस स्वास्थ्य संस्थाको नियमन र अनुगमन
- स्वास्थ्य सरोकारवालासँग समन्वयात्मक अन्तरक्रिया
- नसर्ने रोग नियन्त्रणका लागि “मेरो स्वास्थ्य, मेरो जिम्मेवारी” अभियान
- एक विद्यालय—एक नर्स कार्यक्रम सुदृढीकरण
- महामारी नियन्त्रणका लागि RRT परिचालन तथा logistics व्यवस्थापन
- क्षयरोग, कुष्ठरोग, अपाङ्गता र HIV/AIDS नियन्त्रण कार्यक्रम
- खानेपानी गुणस्तर निगरानी र प्रदूषण न्यूनीकरण सचेतना
- May Measurement Month अभियान
- महामारी प्रतिकार्य तथा पूर्वतयारी योजना अद्यावधिक र निर्माण
- आत्महत्या रोकथाम तथा न्यूनीकरण कार्यक्रम
- पोषण सेवा सुदृढीकरण (बृहत प्याकेज, वृद्धि अनुगमन, OTC आदि)
- सडक दुर्घटना रोकथाम तथा न्यूनीकरण
- सिमान्तकृत जातिका आमा—बालबालिकालाई उत्प्रेरणा खर्च (५ हजार)
- प्रजनन स्वास्थ्य समस्या (फिस्टुला, पाठेघर खस्ने आदि) शिविर
- स्वास्थ्य दिवसहरू( विश्व जनसंख्या दिवस ) मनाउने कार्यक्रम
- जिल्ला जनस्वास्थ्य समन्वय समितिको समीक्षा/अन्तरक्रिया
- एम्बुलेन्स सेवा समन्वय तथा नियमन
- जनसङ्ख्या व्यबस्थापन कार्यक्रम
- मानसिक स्वास्थ्य प्रवर्धन अभियान
- मुख्यमन्त्री जनता स्वास्थ्य तथा नसर्ने रोगको परीक्षण सेवा सुदृढीकरण
- किशोर—किशोरी यौन तथा प्रजनन स्वास्थ्य क्षमता अभिवृद्धि
- स्थानीय भाषामा रेडियो/एफएमबाट स्वास्थ्य सन्देश प्रसारण
- MSS मापन तथा समीक्षा
- चार वटा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई InCRD अभुमुखिकरण कार्यक्रम
- CBIMNCI तालिम कार्यक्रम.
- बर्थिंग सेन्टरमा कार्यरत नरसिंग स्टाफका लागि स्थानापान परामर्शदाता तालिम कार्यक्रम
- मानसिक स्वास्थ्य सम्बन्धि विद्यालय स्तरमा अभिमुखीकरण कार्यक्रम
- महिला स्वास्थ्य स्वयं सेविका आधारभूत तथा पुनर्ताजगी तालिम

- क्षयरोग कार्यक्रमको वार्षिक कोहर्ट विश्लेषण तथा योजना तर्जुमा गोष्ठी
- आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती (BHS-STP ) सम्बन्धी स्वास्थ्यकर्मीलाई अभिमुखीकरण
- जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपाना घोषणा कार्यक्रम
- वातानुकुलित खोप केन्द्र ( मण्डनदेउपुर नगर अस्पताल र बनेपा नगरपालिका वडा नं. १ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र) सुरुवात,
- पूर्ण खोप विद्यालय सुनिश्चित नगरपालिका ( मण्डनदेउपुर नगरपालिका ) घोषणा ।

## १०. कार्यालयको सूचना अधिकारी र कार्यालय प्रमुख

| | |
|---|---|
| सुचना अधिकारी : दिपेन्द्र काजी श्रेष्ठ | कार्यालय प्रमुख: रागीश्री कक्षपति श्रेष्ठ |
| पद: जनस्वास्थ्य अधिकृत | पद: स्वास्थ्य शिक्षा प्रशासक |
| फोन नम्बर:९७६५०३९९०५ | फोन नम्बर: ९८४१२१३०५७ |

## ११. ऐन, नियम कानुनको सूची

- प्रदेश स्वास्थ्य सेवा पहिलो संशोधन ऐन २०८१
- प्रदेश स्वास्थ्य सेवा दोस्रो संशोधन नियमावली २०८१
- नेपालको संबिधान २०७२
- जनस्वास्थ्य सेवा ऐन २०७५ तथा नियमावली २०७६
- स्वास्थ्य सेवा ऐन २०५३
- प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ आदि

## १२. कार्यालयको वेभसाईटको विवरण

https://phokavrepalanchowk.bagamati.gov.np/

## १३. कार्यालयले प्राप्त गरेको बैदेशिक सहायता

- नरहेको

## १४. कार्यालयको प्रगति प्रतिवेदन

- वार्षिक समिक्षा
- वार्षिक प्रगति प्रतिवेदन

## १५. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

- नरहेको

## १६. कार्यालयमा परेको सुचना माग सम्बन्धि निवेदन र सो उपर दिएको बिबरण

- नरहेको

## १७. कार्यालयको सुचना अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

- कार्यालयको वार्षिक प्रगति प्रतिवेदन